बैठक संख्या ३८ मिति २०७५/०९/०३

आज मिति २०७५ साल पौष ३ गते मङ्गलबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री पङ्कज भुर्तेल | सचिव | |
| २२ | खरिदार | श्री सोमन कटुवाल | आमन्त्रित | |
| २३ | न.प्र. स्वकीय सचिव | श्री गजेन्द्र खनाल | आमन्त्रित | |

बैठक संख्या ३८ मिति २०७५/०९/०४

मिति २०७५ साल पौष ०३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. कर्मचारी समायोजन अध्यादेश,२०७५ को दफा ६ को उपदफा (४) मा व्यवस्था भए बमोजिम साविकका स्थानीय निकायहरुबाट स्थायी नियुक्ति लिई कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिम कर्मचारीहरुलाई देहाय बमोजिम समायोजन गर्ने ।

| क्र स | कर्मचारीको नाम | नियुक्त गर्ने साविक स्थानीय निकाय | शुरु नियुक्ति मिति | हालको पदमा नियुक्त मिति | साविक | | | | समायेजन हुने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पद | तह | सेवा | समुह | पद | तह | सेवा | समुह |
| १ | श्री डेनजनी आचार्य | शनिअर्जुन नगरपालिका | २०७२/०८/२० | २०७२/०८/२० | प्रशासकीय अधिकृत | छैटौं | प्रशासन | सामान्य प्रशासन | प्रशासकीय अधिकृत | छैटौं | प्रशासन | प्रशासन |
| २ | श्री निरज अधिकारी | शनिअर्जुन नगरपालिका | २०७२/०५/१३ | २०७२/०५/१३ | इञ्जिनियर | छैटौं | प्राविधिक | प्राविधिक | इञ्जिनियर | छैटौं | इञ्जिनियरिंग | जनरल |
| ३ | श्री प्रदीपकुमार पुरी | शनिश्चरे गा वि स | २०५६/१२/१८ | २०७२/०४/२८ | सव इञ्जिनियर | पाँचौ | प्राविधिक | प्राविधिक | सव इञ्जिनियर | पाँचौ | इञ्जिनियरिंग | जनरल |
| ४ | श्री कमलराज पौड्याल | खुदुनाबारी गा वि स | २०५९/०३/३१ | २०७३/०६/११ | सव इञ्जिनियर | पाँचौ | प्राविधिक | प्राविधिक | सव इञ्जिनियर | पाँचौ | इञ्जिनियरिंग | जनरल |
| ५ | श्री सस्मिता लुइटेल | शनिअर्जुन नगरपालिका | २०७२/०८/२० | २०७२/०८/२० | नायब सुब्बा | पाँचौ | प्रशासन | सामान्य प्रशासन | नायब सुब्बा | पाँचौ | प्रशासन | प्रशासन |
| ६ | श्री तिवेन्द्र अधिकारी | शनिअर्जुन नगरपालिका | २०७२/०९/०९ | २०७२/०९/०९ | नायब सुब्बा | पाँचौ | प्रशासन | सामान्य प्रशासन | नायब सुब्बा | पाँचौ | प्रशासन | प्रशासन |
| ७ | श्री छविरमण पोखरेल | अर्जुनधारा गा वि स | २०५८/११/१९ | २०५८/११/१९ | असिस्टेन्ट सव इञ्जिनियर | चौथौ | प्राविधिक | प्राविधिक | असिस्टेन्ट सव इञ्जिनियर | चौथौ | इञ्जिनियरिंग | जनरल |
| ८ | श्री अर्जुनप्रसाद अधिकारी | खुदुनाबारी गा वि स | २०५८/०९/०६ | २०६७/१०/०२ | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| ९ | श्री चुडामणि खनाल | खुदुनाबारी गा वि स | २०६३/१२/३० | २०६७/१०/०२ | सह लेखापाल | चौथौ | प्रशासन | लेखा | सह लेखापाल | चौथौ | प्रशासन | लेखा |
| १० | श्री खगेन्द्रबहादुर लिंग्देन | खुदुनाबारी गा वि स | २०६४/०९/३० | २०६४/०९/३० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| ११ | श्री कृष्ण नेपाल | शनिअर्जुन नगरपालिका | २०७२/०२/१० | २०७२/०२/१० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| १२ | श्री राजविक्रम खड्का | शनिअर्जुन नगरपालिका | २०७२/०२/१० | २०७२/०२/१० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| १३ | श्री मुना सुवार निरौला | शनिअर्जुन नगरपालिका | २०७२/०२/१० | २०७२/०२/१० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| १४ | श्री सुरज राजवशी | शनिअर्जुन नगरपालिका | २०७२/०२/१० | २०७२/०२/१० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| १५ | श्री सौजन कटुवाल | शनिअर्जुन नगरपालिका | २०७२/०९/३० | २०७२/०९/३० | खरिदार | चौथौ | प्रशासन | सामान्य प्रशासन | खरिदार | चौथौ | प्रशासन | प्रशासन |
| १६ | श्री चिरञ्जिवी खवास | शनिअर्जुन नगरपालिका | २०७२/०४/०७ | २०७२/०४/०७ | अमिन | चौथौ | प्राविधिक | प्राविधिक | अमिन | चौथौ | इञ्जिनियरिंग | सर्भे |
| १७ | श्री सञ्जय मल्लिक | शनिश्चरे गा वि स | २०६८/०३/३१ | २०६८/०३/३१ | कुचिकार | प्रथम | | | कुचिकार | प्रथम | | |

२.यस नगरपालिकाको चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतका देहाय बमोजिम कार्यक्रम तथा योजनाहरु संशोधन गर्नका लागि वडा समितिबाट सिफारिस भई आएकाले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी देहाय बमोजिम संशोधन गर्ने :

| क्र.सं. | वडा नं. | शिषक नं. | साविक कार्यक्रम | संशोधित कार्यक्रम | रकम (रु) |
|---|---|---|---|---|---|
| १ | १ | १३ | पदम लिम्वेलको घर हुँदै लोकनाथ न्यौपानेको घर जाने बाटो | शिर्षक नं. १२ अन्तर्गत शंकाराचार्य मार्ग हुँदै दिलबहादुर चौक नेते सम्म बाटो | एक लाख मात्र । |
| २ | १ | ५१ | बिजुली विस्तार तथा मर्मत | क.सामुदायिक स्वास्थ्य इकाइ सामाग्री खरिद रु ५०,०००/<br>ख.स्वयमसेविका प्रोत्साहन कार्यक्रम रु ५०,०००/ | एक लाख मात्र । |
| ३ | ३ | १३३ | रेम्बो चौक बुढि सुखानी बाटो मर्मत | रेम्बो चौक बुढि सुखानी बाटोमा कज्वे निर्माण | दुइ लाख मात्र । |
| ४ | २ | ९७ | नवज्योति प्रा वि मर्मत | बालविकास व्यवस्थापन | एक लाख मात्र । |
| ५ | ५ | १७८ | भानु मा वि पूर्वाधार निर्माण | भानु मावि प्राविधिक शिक्षाका लागि प्राविधिक सामाग्री खरिद | तिनलाख पचास हजार मात्र । |

हरि कुमार राना मगर
नगर प्रमुख

३.महानन्द चौक बाट शनिश्चरे बजार हुँदै जयपुर जाने सडकको हालको मापदण्ड १४० फिट कायम रहेकोमा उक्त मापदण्डमा स्थानीय आवश्यकता र औचित्य अनुसार सडकको बिचमा ४ फिट डिभाइडर, सडक ४६ फिट,सडकपेटि दुवैतर्फ ६/६ फिट र नाला दुवै तर्फ ४/४ फिट र बाँकी खण्ड सडकको सेटव्याक रहने गरी विकास तथा विस्तार गर्न नगरपालिकाको तर्फबाट ट्रयाक खोल्ने र सडक स्तरोन्नती गर्नका लागि सम्बन्धित निकायहरुमा पहल गर्ने ।

४. चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत मठमन्दिर गुम्बा चर्च सञ्चालन व्यवस्थापनबाट अर्जुनधारा- ३ मा वृद्ध चौतारी (प्रेम उपरकुटि) निर्माण गर्न रु २,००,०००/- (दुई लाख मात्र) ,वडा नं. १ सन्त बहादुर गोलको माग निवदेन बमोजिम गुम्बा निर्माण मर्मत गर्न ३,००,०००/- (तिन लाख मात्र),वडा नं. १ मा शाकम्बरी छेउको गुम्बा निर्माणका लाग रु ३ लाख, तथा वडा नं. ५ को पानिकलमा गुम्बा निर्माण तथा मर्मत गर्नका लागि ३,००,०००/- (तिन लाख मात्र) र किरात राई यायोक्खा शनिश्चरे अर्जुनधारालाई वडा नं. ९ मा अतिथी गृह निर्माण तथा साकेला थान निर्माण गर्न रु २,००,०००/- (दुई लाख मात्र) विनियोजन गर्ने ।साथै,शनिश्चरे बजारमा नवनिर्मित व्यवसायिक भवनमा शौचालय निर्माण गर्न रु ५६,०००/- (छपन्न हजार मात्र) तथा वडा नं. ९ मा कमल निरौला समेतको माग निवेदन बमोजिम सिचाईका लागि मोटर जडान गर्न प्राविधिक स्टमेट गरी आवश्यक रकम विनियोजन गर्ने ।अर्जुनधारा जलेश्वर धाममा पेभेज विछ्याउन रु १०,००,०००/- (दश लाख मात्र) तथा पुराण सञ्चालन अनुदान रु १,००,०००/- (एक लाख मात्र) विनियोजन गर्ने ।

५.जिल्ला प्रशासन कार्यालय,झापाको मदिरा नियन्त्रण कार्ययोजना स्वीकृत गरी कार्ययोजना अनुसारका कार्यहरु अघि बढाउने ।उक्त कार्ययोजना कार्यन्वयन गर्ने सन्दर्भमा आवश्यक सहयोग समन्वय तथा सहजीकरण गर्ने ।

साथै,केही दिन यता बढिरहेको चिसोका कारण शीतलहरको सम्भावना बढेकाले प्रत्येक वडाबाट सम्भावित प्रभावित व्यक्तिहरुको तथ्यांक संकलन गरी उचित राहतको व्यवस्था गर्ने ।

५.आगलागी तथा प्रज्वलनशिल पदार्थको प्रकोपबाट सुरक्षित हुन त्यस्ता पदार्थ तथा विपत्तिमा आवश्यक पर्ने अग्नी नियन्त्रक सामाग्रीहरुको जोहो गरी राख्न उद्योग वाणिज्य संघ मार्फत सबै व्यापारीहरुलाई तथा घरधनीहरुलाई अनुरोध गर्ने ।साथै,सबै घरधनीहरुलाई सतर्कताका प्रावधानहरु अपनाउन सार्वजनिक सन्देश प्रवाह गर्ने ।

६. अर्जुनधारा नगरपालिका स्थित महानन्द चौकबाट रिमाल चौक हुँदै दक्षिणेश्वर शिवालय मन्दिर जाने सडक (लम्बाई ११.३ कि.मि.) नेपाल सरकार अर्थ मन्त्रलाय र यस नगरपालिकाको लागत साझेदारीमा कालोपत्रे गर्न उक्त सडकको विस्तृत आयोजना प्रतिवेदन अनुसार अनुमानित कुल लागत रु ३३,६६,३३,९१३.२३ (तेत्तिस करोड छैसट्ठी लाख तेत्तिस हजार नौ सय तेह्र रुपैया तेइस पैसा मात्र) को पाँच प्रतिशत रकम यस नगरपालिकाबाट साझेदारीमा व्यहोरी उक्त योजना समपूरक कोष अन्तर्गत सञ्चालन गर्न अर्थ मन्त्रलायमा सिफारिस गरी पठाउने ।

७.अर्जुनधारा नगरपालिकाका एघार वटै वडाहरुमा विद्युत चुहावट नरहेकाले नगरपालिकालाई चुहावट मुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक पहल गर्ने ।

०८/०९

हरी कुमार राना मगर
नगर प्रमुख

७. देहाय बमोजिम व्यक्ति संस्थालाई निम्न प्रयोजनका लागि आर्थिक सहयोग उपलब्ध गराउने ।

| क्र.सं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | वडा नं. ९ बस्ने श्री चन्द्रबहादुर बस्नेत औषधोपचार सहयोग | १५ हजार मात्र । |
| २ | वडा नं. ६ मा विहानी टोलका युवाहरुको आयोजनामा सञ्चालन हुने क्रिकेट प्रतियोगिता सञ्चालन सहयोग | ३५ हजार मात्र । |
| ३ | नेपाल मगर संघ भेषभुषा तथा जातिय गरगहना खरिद सहयोग | २५ हजार मात्र । |
| ४ | वडा नं. ११ दधिराम उप्रेती औषधोपचार सहयोग | २५ हजार मात्र । |
| ५ | सूर्यज्योति तेक्वान्दो डोजाङ्ग जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगिता सहयोग | ५० हजार मात्र । |
| ६ | सर्पदंश उपचार केन्द्र,चाराली भवन निर्माण तथा ब्लंक विछ्याउने कार्यमा सहयोग | २ लाख मात्र । |
| ७ | खुदुनाबारी रेडक्रश साझेदारीमा भवन निर्माण | ५ लाख मात्र । |
| ८ | शनिश्चरे रेडक्रशबाट स्मारिका प्रकाशन २५ हजार,विपद् व्यवस्थापन सामाग्री खरिद २५ हजार,स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सहयोग | ७५ हजार मात्र । |
| ९ | हेमनारायण चौधरी औषधोपचार सहयोग | ५ हजार मात्र । |
| १० | चासोक ताम्नाङ्ग मनाउनका लागि किरात याक्थुंग चुम्लुंग सहयोग | ३० हजार मात्र । |
| ११ | सिंहदेवी दुर्गा पाञ्चायन मन्दिर सोलार जडान खर्च | कार्यालयबाटै खरिद गरी उपलब्ध गराउने । |
| १२ | श्री प्राथमिक विद्यालय,वडा नं. ९ बालमैत्री बसाई व्यवस्थापन | ५० हजार मात्र । |
| १३ | चन्द्र परियार औषधोपचार सहयोग | १० हजार मात्र । |

८.स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत झापा क्षेत्र नं. २ मा सञ्चालन हुने कार्यक्रमहरु स्वीकृत गर्ने तथा अर्जुनधारा ७ र ८ मा स्थित शनिश्चरे ढल निकास व्यवस्थापनका लायि तथा सोही वडाको डाडापैनी दक्षिण कालोपत्रे सडकका दक्षिण भागमा प्लम्ब वाल निर्माण तिनकुने चौक सम्मका लागि विनियोजित रु ६० लाख रकमलाई देहाय बमोजिम संशोधन गर्न श्री जिल्ला समन्वय समितिमा अनुरोध गर्ने ।

अर्जुनधारा ७ र ८ स्थित शनिश्चरे बजारमा ढल निकास व्यवस्थापनका लागि नाला निर्माण गरी दक्षिण तर्फ वडा नं. ६ हुँदै अदुवा खोला सम्म पुऱ्याउने तथा शनिश्चरे बजारबाट पश्चिम बाहदशी खोला सम्म प्लम्ब निर्माण ।

९.शनिश्चरे बजार स्थित सब्जी बजारमा स्टल निर्माणका लागि लगत स्टमेट अनुसारको रकम रु २,९९,००,०००/- (दुई करोड उनान्सय लाख) मा प्रदेश सरकारबाट प्राप्त रु १,३०,००,०००/- (एक करोड तिस लाख मात्र) प्राप्त भई अपुग रकम रु १,६९,००,०००/- (एक करोड उनान्सत्तरी लाख मात्र)

हरि कुमार राना मगर
नगर प्रमुख

नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी श्रोत सुनिश्चिता गरी सो योजना अघि बढाउन ठेक्का प्रक्रिया सुरु गर्ने ।

१०.माई नगरपालिका तथा अर्जुनधारा नगरपालिकाको सहकार्यमा वडा नं. २ तथा माई नगरपालिकाको सिमानामा पर्ने साठिमुरे क्षेत्रलाई पर्यटकिय क्षेत्रका रुपमा विकास गर्न एकिकृत कार्यक्रम सञ्चालनका लागि आवश्यक सहकार्य तथा समन्वय गर्ने ।

११.नगरपालिकाको स्वामित्वमा रहेको मेसिनरी उपकरणको प्रयोग गरी बाहिरी तथा भित्री चक्रपथ निर्माणका लागि विनियोजित बजेटबाट ट्रिपर तथा ट्रयाक्टर खरिद गरी बाँकी रहने रकमबाट सो सडकको ट्रयाक खोल्ने कार्य अघि बढाउने ।

१२.प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेलाई १५ बेडको अस्पतालमा स्तरोन्नति गर्नका लागि सम्बन्धित निकायमा पहल गर्ने ।

१३.देहाय बमोजिमको खानेपानी आयोजनाको उपभोक्ता समितिको समेत लागत साझेदारीमा मर्मत मुहान निर्माण तथा पाइप विस्तार कार्य गर्ने :

(क) बेल्टार सुखानी खानेपानी आयोजना पाइपलाइन विस्तार रु ४,१५,०००/- (चार लाख पन्ध्र हजार मात्र)

(ख) कुम्भिटार खानेपानी आयोजना पाइपलाइन विस्तार रु ४,२०,०००/- (चार लाख बिस हजार मात्र)

(ग)खैरेनी खानेपानी मर्मत रु ३,५५,०००/- (तिन लाख पचपन्न हजार मात्र)

(घ)बेल्टार गाजावारी खानेपानी मुहान निर्माण रु ३,६६,०००/- (तिन लाख छैसट्ठी लाख हजार मात्र )

(ङ)बेल्टार खानेपानी आयोजना पाइपलाइन विस्तार रु ३५,०००/- (पैतिस हजार मात्र)

(च)रातेखाल खानेपानी आयोजना मोटर खरिद रु ५०,०००/- (पचास हजार मात्र)

२०७५/०९/०४

हरी कुमार राजा मगर
नगर प्रमुख